कार्यपालिकाबाट स्विकृत मितिः २०७७/०६/२६

# खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
चैनपुर, मकवानपुर

# खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७

**प्रस्तावना :** राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र विपद् जोखिमको दृष्टिकोणले अति जोखिममा रहेका एकल महिला, अपांगता भएका व्यक्ति तथा विपन्न वर्गको खरको छाना विस्थापन गरी जस्ता वितरण गर्न वाञ्छनीय भएकोले राक्सिराङ्ग गाउँ कार्यपालिकाको २०७७।०६।२६ गते बसेको ५१ औं बैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

## भागः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "खरको छाना प्रतिस्थापन गर्ने कार्यविधि, २०७७" रहेको छ ।
(२) यो कार्यविधि राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "छानौट समिति" भन्नाले दफा ५ वमोजिम गठित समितिलाई सम्झिनु पर्दछ ।

(ख) "एकल महिला" भन्नाले संघीय सरकारले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजनको लागि परिभाषित गरिएका एकल महिलालाई सम्झिनु पर्दछ ।

(ग) "अपांगता भएका व्यक्ति" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको अपांगता परिचय पत्र वितरण कार्यविधि अनुसार पूर्ण अशक्त र अति अशक्त वर्गमा पर्ने अपांगता भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "विपन्न वर्ग" भन्नाले राजनैतिक, आर्थिक तथा सामाजिक दृष्टिकोणले पछि परेका व्यक्ति वा समूहलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिका " भन्नाले राक्सिराङ्ग गाउँ कार्यपलिाका सम्झनु पर्दछ ।

## भागः २
## माग संकलन सम्वन्धी व्यवस्था

३. **निवेदन आब्हान गर्ने :** (१) गाउँ कार्यपालिकाको कार्यालयले वडा कार्यालय मार्फत खरको छाना भएका एकल महिला, अपांगता भएका व्यक्ति तथा विपन्न वर्गबाट माग संकलन गर्न ३० दिनको सूचना आब्हान गर्नेछ ।

४. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात :** (१) माग संकलनको लागि गाउँ कार्यपालिकाको कार्यालयले आब्हान गर्ने सूचनामा मागकर्ताको निवेदन सहित देहायका कागजात समेत संलग्न गरी निवेदन आब्हान गर्नेछ ।

क. आफू वसोवास गरेको वडामा न्यूनतम ५ वर्षदेखि वसोवास गरेको खुल्ने प्रमाण वा निस्सा,

ख. सम्वन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा निस्सा,

ग. एकल महिलाले पतिको मृत्यु दर्ताको प्रमाणपत्रको नक्कल वा एकल महिला खुल्ने प्रमाण वा कागजात,

घ. अपांगता भएको व्यक्तिले अपांगता खुल्ने परिचयपत्र वा प्रमाणपत्र,

ङ. विपन्न वर्गले के, कुन आधारमा विपन्न हो ? सो स्पष्ट खुल्ने कागजात वा निस्सा वा वडा कार्यालयको विपन्न हो भन्ने सिफारिस पत्र,

च. सम्वन्धित वडा कार्यालयमा निज नियमित वसोवास गरेको हो भन्ने व्यहोराको वडा कार्यालयको सिफारिस पत्र ।

## भागः ३

## छनौट तथा कार्यान्वयन प्रकृया सम्बन्धी व्यवस्था

५. **छनौट समिति :** (१) गाउँ कार्यपालिकाको सूचना वमोजिम वडा कार्यालयहरु मार्फत संकलन भएका निवेदन उपर आवश्यक जाँचवुझ गरी गाउँ कार्यपालिकामा नामावली सिफारिस गर्न देहायको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क. पूर्वाधार विकास समितिको संयोजक | संयोजक |
| ख. गाउँ कार्यपलिकाले छनौट गरेका एकजना महिला सहित तीन जना कार्यपालिका सदस्य | सदस्य |
| ग. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, गाउँ कार्यपालिका वा गाउँ सभा सदस्य वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले गाउँ कार्यपालिकाको निर्देशनमा आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

६. **छनौट समितिको काम, कर्तव्य र अधिकार :** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क. खरको छाना प्रतिस्थापन गर्नको लागि माग निवेदन संकलन गर्ने, गराउने ।

ख. प्राप्त माग निवेदन उपर अध्ययन तथा जाँचवुझ गर्ने ।

ग. अन्तिम नामावली तयार गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

घ. आवश्यक देखिएमा गाउँपालिका र वागमति प्रदेश सरकारका अतिरिक्त अन्य सरकारी वा गैर सरकारी निकायहरुमार्फत श्रोतको व्यवस्थापन गर्ने, गराउने ।

ङ. गाउँ कार्यपालिकाको प्रत्यक्ष रेखदेख र निर्देशनमा रहेर अन्य कार्य गर्ने, गराउने ।

७. **छनौटका आधार तथा प्राथमिकता :** (१) समितिले देहाय वमोजिम छनौटका आधार तथा प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

क. एकल महिला,

ख. अपांगता भएका व्यक्ति वा परिवार,

ग. दलित समुदाय तथा विपन्न वर्ग,

घ. अन्य ।

८. **कार्यान्वयन प्रकृया :**

## भागः ४

## विविध

८. **गुनासो वा उजुरी गर्न सक्ने :** (१) छनौट समितिले गरेको सिफारिस उपर चित्त नवुझेमा कुनैपनि स्थायी वासिन्दाले गाउँपालिका दफा ९ वमोजिमको गुनासो सुनुवाई समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो परेमा वा उजुरी आएमा गुनासो व्यवस्थापन समितिले सो को यथार्थ छानविन गरी समितिको रायसहितको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

९. **गुनासो व्यस्थापन समिति :** (१) उपदफा ८ बमोजिम गुनासो वा उजुरी छानविन गर्न देहायको गुनासो व्यवस्थापन समिति रहनेछ,

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) गाउँ कार्यपालिकाले तोकेको एकजना महिला सहित दुई जना सदस्य | सदस्य |
| (ग) कानुनी सहजकर्ता | सदस्य सचिव |

(३) गुनासो व्यवस्थापन समितिले पेश गरेको प्रतिवेदनमा यर्थाथ अन्याय भएको लागेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

१०. **<u>वाधा अड्काउ फुकाउने :</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ आएमा सो वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

१०. **<u>शंसोधन गर्न सक्ने :</u>** यो कार्यविधिमा समायानुकुल संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।